नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ४९ २०८० साल भदौ ३० गते शनिबार (16 Sep. 2023 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली र मैथिली भाषीबीचको... ३ पृष्ठमा : नेपालको संविधान र संविधान ... ३ पृष्ठमारुसद्वारा दुई जना अमेरिकी...

# मालपोतमा भइरहेको व्यथितीप्रति दोषि को !

# लेखनदास र कर्मचारीद्वारा एकअर्कामा दोषारोपन




**काम गर्न निकै कठिनाई भइरहेको छ : लेखापढी एशोसिएशन**

**रकम नलिई लेखनदास र कर्मचारीले कुनै फायल अगाडी बढाउँदैन : सेवाग्राही**

**लेखापढीका कारण सेवाग्राहीले दु:ख पाइरहेका छन् : कार्यालय प्रमुख**

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

भूमिसुधार तथा मालपोत कार्यालय राजविराजमा सेवाग्राहीलाई काम गराउन निकै कठिनाई भइरहेको भन्दै नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएशन मालपोत इकाई समिति राजविराजले शुक्रबार बिरोध गरेको छ ।

लेखापढी एशोसिएशनका अध्यक्ष श्रीलाल यादवले मालपोतका कर्मचारीहरुले घुस बिना आफूहरुले पेश गर्ने कुनै फायलमा अघि बढाउन नमानेको आरोप लगाएका छन् ।

बिना रकम आफूहरुको एउटा पनि फायल अगाडी नबढ्ने तर, बाहिरी व्यक्तिहरुको काम कुनै बाधा अड्चन बिना नै काम हुने गरेको उनको आरोप छ ।

यस्तै लेखापढी एशोसिएशनका सचिव बद्रिनारायण यादवले एउटा फायल वापत ५ सय देखी १० हजारसम्म कर्मचारीहरुले लिने गरेको आरोप लगाए । उनले सो कार्यमा कार्यालय सहयोगीदेखी गार्डसम्मलाई प्रयोग गरिने गरेको आरोप पनि लगाए ।

कार्यलय प्रमुख आफ्नो कार्यकक्षमा नबसि अर्कै कोठामा गोप्य रुपले कामकाज गर्ने गरेको भन्दै सोही कोठामा अन्य व्यक्तिहरुले दिएको फायल मात्र हेर्ने गरेको उनको आरोप छ ।

सोही बिरोध कार्यक्रममा एक सेवाग्राहीले आफूहरुलाई लेखनदासहरुले पनि निकै दु:ख दिने गरेको बताए । लेखनदासहरु पनि रकम नलिई फायल अगाडी बढाउन नमानेको र फायल अगाडी बढेपनि कर्मचारीहरुले पनि कुनै न कुनै बहानामा फायल अपुग भएको भन्दै ठार्ने गरेको गुनासो पोखे ।

अर्का एक सेवाग्राही सुरेश प्रसाद यादवले पैसा नदिएमा कार्यालय भित्र समेत जान नदिने तर पैसा दिए कसैले रोकटोक नगर्ने बताए । उनले फायल फायल हेरीहेरी ५ सय देखी एक हजारसम्म लिने गरेको दुखेसो पोखे ।

यसैबीच मालपोतका प्रमुख शिवशरण पण्डितले लेखापढीहरुकै कारण कार्यालयमा रकमको चलखेल बढेको दाबी गर्दै उनीहरुकै कारण सेवाग्राही समेतले दु:ख पाइरहेको आरोप लगाए । उनले नेपाल सरकारले लेखापढी ब्यवसायीहरुलाई मालापोत कार्यालय भित्र प्रवेश नगराउन परिपत्र पठाएपनि राजविराज त्यस अनुसार नभएको बताउँदै प्रमुख पण्डितले आफू हालसालै कार्यालय प्रमुख भएर आएकोमा सरकारद्वारा जारि परिपत्रलाई कार्यान्वयन गराउनेतर्फ लागिपरेको जानकारी दिए ।

# मोटरसाइकल दुर्घटनामा श्रीमतीको मृत्यु, श्रीमान गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

सप्तरीको रुपनीमा विहीवार मध्यराती भएको मोटरसाईकल दुर्घटनामा एक महिलाको ज्यान गएको छ भने दुर्घटनामा उनका श्रीमान् गम्भिर घाईते भएका छन् ।

रुपनीबाट राजविराजतर्फ आउने क्रममा राजविराज रुपनी सडकखण्डस्थित विधुत प्राधिकरण वितरण शाखा नजिकै स.४प. ५७६० नम्बरको मोटरसाईकल दुर्घटना हुँदा मोटरसाइलमा सवार रुपनी गाउँपालिका ३ कटैया निवासी ४० वर्षिया शिलावती मुखियाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

टाउकोमा गम्भिर चोट लागेका उनको स्थानीय युनिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीको भनाई छ । दुर्घटनामा मोटरसाईकल चालक ४९ वर्षिय उनका श्रीमान् हरेराम मुखिया गम्भिर घाइते भएका छन् । उनको स्थानीय गजेन्द्रनारायण सिह अस्पतामा उपचार भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिहका अनुसार मोटरसाईकल दुर्घटनाको कारण खुल्न सकेको छैन ।

# विद्यार्थीलाई शैक्षिक सामाग्रि र पोशाक बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

राजविराज वडा नं. ७ स्थित रमेश नारायण दास आधारभूत विद्यालयमा शुक्रबार विद्यार्थीहरुलाई शैक्षिक सामाग्रि र पोशाक बितरण गरिएको छ ।

बाल दिवसको अवसरमा एक कार्यक्रम गरि त्यहा अध्ययनरत विद्यार्थीहरुलाई कपि, कलम, चकलेट, बिस्कुट र पोशाक वितरण गरिएको हो ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि वडा नं. ७ का अध्यक्ष सुभाषचन्द्र यादवले

***बाँकी अन्तिम पृष्ठमा***

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

- लामखुट्टेको टोकाईबाट औंलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाली र मैथिली भाषीबीचको सहअस्तिव

**हिमांशु चौधरी/रासस**
काठमाडौं, २९ भदौ ।

मलाई भरोसा छ, बड्का मान्छे बन्नु पर्दछ, मेरो घरको पजरामा बड्का गाछी छ, छोटकाले पुग्छ, मन खराब छ । यी वाक्यहरू हुन्- नेपाली र मैथिली भाषीको समृद्ध जीवनशैलीको । यस्ता कैयौं वाक्य प्रचलनमा रहेका छन्, जसले दुवै भाषाभाषीको सामाजिक, सांस्कृतिक र भाषिक सहअस्तित्वको चिनारीलाई स्थायित्व प्रदान गर्दै एक सूत्रमा आबद्ध गर्ने वातावरण निर्माण गरिहेको छ ।

नेपाली र मैथिली भाषाभाषीले एकअर्काको संस्कृति र परम्परालाई स्वीकार गर्दै सामञ्जस्य र आपसी सद्भावपूर्ण सामाजिक जीवन व्यतित गरी संस्कृतिको अविभाज्य अङ्ग भइरहेका छन् । संस्कृति जिन्दगीको एउटा तरिका हो, जो शताब्दीयौंदेखि जम्मा भएर समाजमा व्याप्त रहन्छ भन्ने मान्यता अनुरुप यस भेगमा बसोबास गर्ने मिथिलाञ्चलमा दुवै भाषाभाषी एकअर्कावीच सांस्कृतिक र धार्मिक परम्पराहरूमा मात्र नभएर भाषामा पनि प्रभावित छन् ।

मैथिली भाषीले आपसमा कुरा गर्दा नेपाली शब्दको पनि प्रयोग गर्ने गरेको पाइन्छ । मैथिली भाषामा बोल्दा 'हमरा मालपोत जायके छै' र नेपाली भाषामा बोल्दा 'मेरो घरको पजरामा बड्का गाछी छ'लाई उदाहरणका रूपमा लिन सकिन्छ । त्यस्तै उखानमा मैथिली भाषामा 'उँटके मुँहमे जीरा, कुप नआबए पथिकके पास, अपने नीक त आनो नीक' र नेपालीमा 'हात्तीको मुखमा जीरा, खोला आउँछ कि तिर्खा ? आफू भलो त जगतै भलो' जस्ता उखान मननयोग्य रहेको छ ।

मिथिला र नेपाल उपत्यकाको सांस्कृतिक सम्बन्ध अत्यन्त प्राचीन रहेको छ । मुसलमानी आक्रमणको बेला मिथिलाको अनेक विद्वान परिवार आफ्नो एवं हस्तलिखित ग्रन्थको रक्षा तथा जीवन निर्वाहका लागि नेपालतर्फ प्रवेश गरेका थिए । मल्ल राजा जयस्थिति मल्लले सामाजिक वर्गीकरण र वर्णाश्रम धर्मलाई कायम गर्न मिथिलाका विभिन्न विद्वानसँग सहयोग लिएको पनि पाइन्छ । मल्लकालमा राजाहरू स्वयं मैथिली साहित्य र परम्पराको विकासका लागि ठूलो योगदान पुर्‍याएको कुरा मल्ल राजाहरूले लेखेका नाटक, भक्ति गीत सङ्ग्रहहरूले प्रमाणित गरेका छन् । इतिहासहरूको अध्ययनबाट काठमाडौं उपत्यकामा कर्णाट वंशका तीनपुस्ता राजाहरूले झण्डै नब्बे जति राज्य गरेको र सो अवधिमा काठमाडौं उपत्यकाका तीनै राज्य- कान्तिपुर, ललितपुर र भक्तपुरमा मैथिली भाषाको प्रचार-प्रसार निकै भएको पाइन्छ ।

कर्णाट वंशीय राजा हरसिंहदेव देव सङ्गीत कलाविद् थिए । उनी सन् १३२४ ई मा गयासुद्दिन तुगलकबाट पराजित भई जङ्गल हुँदै सेन्यवलसहित काठमाडौं उपत्यका पुगेका थिए । पछि भक्तपुर क्षेत्रमा राज्य स्थापना गरेपछि त्यस क्षेत्रमा मैथिली भाषा र संस्कृतिले व्यापकत्व ग्रहण गरेको इतिहास पनि छ । लिच्छवी र मल्लकालसम्म मैथिली भाषाको राम्रो कदर भएको थियो । अहिले राजनीति, स्वार्थ, भ्रान्तिको सिकार भई उपेक्षितजस्तै देखिन्छ ।

नेपाली भाषीले मैथिली शब्दको प्रयोग र मैथिली भाषीले नेपाली शब्द प्रयोग गरिरहेको अनेकौं दृष्टान्त छ । जस्तो कि नेपाली र मैथिली भाषाभाषीले माझ, लागि, सुन, मारी, ओठ, मीत, बाँधी, फोका, भल, ठाम, तल, हाट, बेल, भिन, जतन, निहुरी, जीउ, लावा, मारीलगायतका शब्दहरू परस्परमा प्रयोग गरिरहेका छन् । सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लामा मैथिली र नेपाली भाषाभाषीबीच शब्दको निकटता देखिन्छ । वस्तुतः मैथिली भाषाले मैथिली भाषाभाषीलाई जातीय व्यक्तित्व र पहिचानमात्र प्रदान गरेको छैन, राष्ट्रकै साहित्य र संस्कृतिलाई समृद्ध तुल्याएको छ ।

एकीकरणपछि उपत्यका र यस क्षेत्रका बीच सांस्कृतिक र धार्मिक निकटता कायम भयो । उपत्यका र अन्य पहाडी भेगबाट अनेक नेपाली भाषाभाषी यस क्षेत्रको समतल फाँटमा कृषिकर्म वा जागिरेका रूपमा बसाइँसराइका क्रममा आएर बसोबास गर्न थाले । हाल यस क्षेत्रमा मैथिली भाषाभाषी मात्र नभएर नेपाली भाषाभाषीको पनि आधिक्य रहेको छ । प्राचीनकालदेखि नै मिथिलामा वर्णाश्रम धर्म अस्तित्वमा रहेको देखिन्छ । देवी-देवताहरूमा शिवशक्ति तथा विष्णुलाई कालान्तरमा राम र सीता आदिलाई पनि देवदेवीका स्वीकार गरेर पूजा गर्ने परम्परा पाइन्छ । धार्मिक परम्पराको प्रभावले नेपाली भाषाभाषीहरूमा शिवप्रति विशेष श्रद्धा रहेको र प्रत्येक वर्ष वैद्यनाथ धाममा जल चढाउने आस्था देखिन्छ । वेशभूषा र खानपानको सम्बन्धमा पनि मैथिली भाषाभाषीबाट यस क्षेत्रका नेपाली भाषाभाषीहरू प्रभावित छन् ।

नेपाली भाषामा मैथिली भाषाको गहिरो छाप परेको पाइन्छ । मैथिली क्षेत्रका स्थान नाम, वनस्पति, खानपिन, रहनसहन र दैनिक व्यवहारमा प्रचलित स्थानीय उपकरण बुझाउनेजस्ता शब्दहरू नेपाली भाषामा आएका छन् । प्राचीनकालदेखि नै मैथिलहरूले नेपाली सभ्यता, संस्कृति, धर्म र दर्शनमा योगदान दिँदै आएका छन् । राष्ट्र विभिन्न जाति, धर्म र भाषभाषीहरूको सहअस्तित्व, सामञ्जस्य र ऐक्यबद्धतामा आधारित छ । यसले परम्परागत अटल अखण्डता, राष्ट्रियता र एकतालाई सबलता प्रदान गरेको देखिन्छ ।

नेपाली साहित्यका मनोवैज्ञानिक प्रवर्तक विपी कोइरालाको कथाहरूमा पनि मैथिली भाषाका शब्दको प्रयोग गरिएको पाइन्छ । मनौती, तडका, पछवरिया धार, पुरवरिया धार, डाइन, रे छौडा, गे छौडी, मचान, खरिहान, ओरहाजस्ता शब्दको प्रयोग गरिएको छ । त्यस्तै पात्रहरूमा लेलहा, फगुनी, मुनरिया, बतहिया चमाइन, जमुनिया, किसना, सुवसियाजस्ता मैथिली भाषी पात्रको संयोजन र नामकरण गरेका छन् । कोइरालाले गाछ तर, दाँती लागब, कर्चीक टाटी खरजस्ता शब्दको प्रयोग गरेका छन् । नरेन्द्र दाइ उपन्यासमा चैत हे सखी फूलल बेली, करत मधु गुजार हो, भवरा करत गुजार हो जस्ता मैथिली भाषाको लोकगीतलाई स्थान दिइएको छ ।

यस प्रकारको क्रमले परस्परमा सामाजिकता ग्रहण गरेको फलस्वरुप यस भेगका स्थानीय पोशाक धोती र कमिज नेपाली भाषाभाषी समुदायमा लोकप्रिय रहेको र यसका साथै नेपाली भाषाभाषी महिलाले आफ्नो पारम्परिक पोशाक गुन्यू, साडी, चोलो र पटुका त्यागेर विशेष प्रकारले साडी र चोलो लगाउने चलन रहेको छ जुन यस भेगका मैथिली भाषाभाषी महिलाले लगाउने गरेको प्रभाव हो । घरमा आएका पाहुनालाई विभिन्न प्रकारका अचार, तरकारी र स्वादिष्ट भोजनद्वारा स्वागत गर्नु मैथिल समाजको विशेषता रहेको छ । मैथिल गृहिणी पाक कलामा ज्यादै दक्ष हुने र विभिन्न प्रकारका अचार, चटनी र तरकारीलाई तारेर अतिथिलाई स्वादिष्ट र रूचिकर भोजनद्वारा सत्कार गर्न सिपालु हुन्छन् । यसको प्रभाव स्वरूप यहाँका नेपाली भाषाभाषी परिवारमा पनि विभिन्न प्रकारका तरकारीलाई तारेर अतिथिलाई भोजन गराउने परम्परा रहेको देखिन्छ ।

मैथिल समाजमा विभिन्न प्रकारका ठठ्यौली परम्परा पनि छ । भिनाजु र साला, देवर र भाउजु, साली र भिनाजुबीच ठट्टा र ख्याल गर्ने चलन छ र यो चलन यहाँका नेपाली भाषाभाषीमा पनि रहेको पाइन्छ । विवाह तथा चाडपर्वका अवसरमा मैथिली भाषाभाषी महिलामा मेहदीले हात खुट्टा सिङ्गार्ने चलन लोकप्रिय रहेको छ भने यो चलन नेपाली भाषाभाषीहरूमा पनि उत्तिकै लोकप्रिय रहेको बताइन्छ ।

यस्तै विभिन्न संस्कारअन्तर्गत चुडाकर्म, यज्ञोपवित, विवाह आदिमा दुवै भाषाभाषीमा मातृका पूजा गर्ने चलनसमेत रहेको छ । नवरात्रिका अवसरमा आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुवै समुदायमा नवदुर्गाको व्रत घटस्थापनचघस गरेर नियमित पूजा गर्ने र दुर्गा सप्तशतीको पाठ गर्ने चलन पनि छ । विजयादशमीका दिन मातापिता तथा मान्यजनबाट जमरासहितको टीका ग्रहण गर्ने दुवै समुदायमा चलन रहेको पाइन्छ । साथै दीपावली दुवै समुदायले समानले मनाउने परम्परा रहेको छ । भाइटीकाका दिन दिदीबहिनीहरूले व्रत लिएर दाजुभाइको दीर्घायुका लागि निधारमा टीका लगाइदिने परम्परा पनि दुवै समुदायमा पाइन्छ । यस अवसरमा एकअर्काको परम्परालाई स्वीकार गर्दै मैथिली भाषाभाषी परिवारमा पनि सेल र नेपाली भाषाभाषी परिवारमा समेत अनरसाजस्ता पकवान बनाउने चलन पनि रहेको छ । छठ मनाउने परम्परा विशुद्धरूपले मैथिल समाजमा प्रचलित भए पनि नेपाली भाषाभाषीहरूले यस क्षेत्रमा बसोबास गर्न थालेपछि यसबाट प्रभावित भएर छठ मनाउन थालेका छन् ।

नेपाली भाषाभाषी विवाहित महिलाहरूमा पोते लगाउने परम्परा ज्यादै लोकप्रिय रहेको छ । यो परम्परा हाल मैथिली भाषाभाषी महिलाले पनि स्वीकार गरेको देखिन्छ, जुन यस भेगमा नेपाली भाषाभाषी परम्पराको प्रभाव प्रस्ट हुन्छ । यसका अतिरिक्त अन्य अनेकौं यस्ता परम्परा र पर्व छन् जुन मैथिली र नेपाली भाषाभाषीहरूमा समानरूपले लोकप्रिय रहेको र दुवै समुदायले संयुक्तरूपमा मनाउने गरेको पनि पाइन्छ । उपत्यकाका नेवार कन्याहरूको पुरुषसँगको विवाहभन्दा पहिले बेलसँग विवाह गर्ने चलन छ भने यहाँका मैथिल ब्राह्मण र कायस्थ कन्याहरूको पनि पुरुषसँगको विवाहभन्दा पहिले आँप र महुवाको रूखसँग विवाह गर्ने चलन रहेको छ ।

त्यस्तै माघी पर्व, तीज, फागु, श्रीपञ्चमी, शिवरात्रि, चौरचन, जुडशीतल रामनवमी, विवाहपञ्चमी, रक्षाबन्धनजस्ता पर्वले दुवै भाषाभाषीका परिवारले मनाउने गरेको घनिष्टतालाई पुष्टि गरिहेको छ । मैथिलको विवाहमा स्वयम्वरको परम्परा लोकप्रिय हुँदै गएको छ, जसलाई नेपाली भाषाभाषीकै प्रभाव मानिएको छ । यी तथ्यहरूले राष्ट्र भन्नु नै जनसमूहको एक परिधि हो, राष्ट्रियता राष्ट्रमा बस्ने जनताको एकीकृत भावनालाई उजागर गर्दछ । विभिन्न भाषाभाषीको उत्थान, कला संस्कृतिको मान्यता एवं साहित्यिक अभिवृद्धिमा योगदान दिएर बटुलिएका भावनात्मक सहयोगले राष्ट्रियताको मूल्य र मान्यतालाई सुदृढ बनाएको देखिएको छ । *लेखक पत्रकार तथा मैथिली साहित्यका जानकार हुनुहुन्छ।*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# एमालेले नेम्वाङको स्मृतिमा सातै प्रदेशमा कार्यक्रम गर्ने

काठमाडौं, २९ भदौ (रासस) ।

नेकपा (एमाले)ले संविधानसभाका अध्यक्ष स्व सुवास नेम्वाङको स्मृतिमा आगामी असोज २ गते सातै प्रदेशमा विचार गोष्ठी आयोजना गर्ने भएको छ ।

पार्टीका महासचिव शङ्कर पोखरेलको अध्यक्षतामा शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको एमालेको केन्द्रीय प्रचार विभागले जनाएको छ । विचार गोष्ठी सबै प्रदेशमा 'नेपालको संविधान निर्माणमा सुवासचन्द्र नेम्वाङ' विषयमा हुनेछ भने विभिन्न राजनीतिक दलका नेतालाई अतिथि वक्ताका रूपमा आमन्त्रण गरिने छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले तुल्सीलाल स्मृति प्रतिष्ठान च्यासल, ललितपुरमा आयोजना गरिने विचार गोष्ठीलाई सम्बोधन गर्नुहुने कार्यक्रम छ भने अन्य छ प्रदेशमा हुने विचार गोष्ठीमा पार्टीका उपाध्यक्ष जानुहुने छ ।

जसअनुसार, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल मधेस प्रदेशको जनकपुरमा हुने विचार गोष्ठीमा प्रमुख वक्ताका रूपमा जानुहुने छ । कोशी प्रदेशको इलाममा उपाध्यक्ष रामबहादुर थापा, लुम्बिनी प्रदेशमा उपाध्यक्ष युवराज ज्ञवाली, गण्डकी प्रदेशमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, सुदूरपश्चिम प्रदेशमा उपाध्यक्ष विष्णुप्रसाद पौडेल र कर्णाली प्रदेशमा उपाध्यक्ष सुरेन्द्र पाण्डे प्रमुख वक्ताका रूपमा जानुहुने भएको छ ।

सबै प्रदेशमा हुने विचार गोष्ठीमा विभिन्न राजनीतिक दललाई समेत आमन्त्रण गर्ने निर्णय भएको कार्यालय सचिव डा भीष्मनाथ अधिकारीले वताउनुभयो ।

# नेपालको संविधान र संविधान दिवस मनाउनुको तात्पर्य

फणीन्द्र फुयाल ज्वाला/रासस
काठमाडौं, २९ भदौ ।

संविधान राष्ट्रको मूल कानुन हो । संविधानले सरकारको स्वरुप निर्धारण गर्छ र सरकारी शक्तिको सीमाङ्कन गरी राज्यको काम कारबाहीलाई वैधता प्रदान गर्छ । यसलाई संविधानसभा वा अन्य यस्तै प्रक्रियाबाट निर्मित गरी राज्यको शासन र शासन प्रणाली सञ्चालन गर्ने वैधानिकता शासक वर्गलाई जनताले प्रदान गरेका हुन्छन् । संविधान राष्ट्रको मार्गचित्र र नागरिक अधिकारको बडापत्र हो ।

नेपालमा पहिलोपटक २००४ साल माघ १३ मा 'नेपाल सरकारको वैधानिक कानुन' तत्कालीन राणा प्रधानमन्त्री श्री ३ पद्म शमशेरले जारी गरेका थिए । तर यो लागू हुन सकेन । २००७ चैत २९ गते 'नेपालको अन्तरिम शासन विधान' तत्कालीन राजा श्री ५ त्रिभुवनले जारी गरेका थिए । त्यसैगरी तत्कालीन राजा श्री ५ महेन्द्रले 'नेपाल अधिराज्यको संविधान २०१५' फागुन १ गते जारी गरेका थिए भने उनले नै २०१९ साल पुस १ गते 'नेपालको संविधान-२०१९' जारी गरेका थिए । यो संविधानलाई 'जनतालाई दिइएको शाही उपहार' पनि भनिएको थियो ।

त्यसैगरी 'नेपाल अधिराज्यको संविधान-२०४७' कात्तिक २३ गते तत्कालीन राजा श्री ५ वीरेन्द्रले जारी गरेका थिए । यो कार्यान्वयन अवधिभर एकचोटि पनि संशोधन भएको थिएन । २०६२/६३ सालको दोस्रो जनआन्दोलनको सफलतासँगै तत्कालीन नेकपा (माओवादी) ले थालनी गरेको जनयुद्धलाई पनि सम्बोधन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अन्तरिम व्यवस्थापन गर्न २०६३ सालमा नेपालको अन्तरिम संविधान जारी भयो । यसलाई १२ पटक संशोधन गरिएको थियो ।

देशले इतिहासमै प्रथम पटक जनप्रतिनिधि सम्मिलित संविधानसभाबाट २०७२ असोज ३ गते नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले 'नेपालको संविधान २०७२' लाई हस्ताक्षर गरी अनुमोदन गरेको संविधान नेपालको सातौँ संविधान हो । यो संविधान जारी भएसँगै जनताले चुनेका जनप्रतिनिधिमार्फत संविधान बनाउने सात दशक लामो नेपाली जनताको आकाङ्क्षा साकार भयो । यसै कुरालाई ध्यानमा राखी नेपाल सरकारले असोज ३ लाई राष्ट्रिय पर्वका रूपमा मनाउँदै आएको छ ।

नेपालमा हालसम्म विभिन्न समयमा गरी सातवटा संविधानहरू निर्माण भए पनि छवटा भने लागू भएका छन् । त्यसअनुसार नै विभिन्न समय र मितिमा नेपालमा संविधान दिवसहरू मनाइएको पाइन्छ । पछिल्लो समय नेपालको संविधान २०७२ जारी भएको दिन संविधान दिवस असोज ३ गते मनाउँदै आइएको छ । यस संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन् ।

**संविधान दिवस मनाउनुको तात्पर्य**

नेपाली जनताको दशकौं लामो अनवरत सङ्घर्षको परिणामका रूपमा प्राप्त भएको नेपालको संविधान, २०७२ लागू भएको यस पटकदेखि आठ वर्ष पूरा हुँदै छ । संविधान जारी गरिएको यो विशेष दिनमा जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन एवम् विभिन्न कालखण्डमा भएका सङ्घर्षमा जीवन अर्पण गर्ने महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै घाइते, अपाङ्ग एवम् बेपत्ता पारिएका योद्धाहरूलाई उच्च सम्मान व्यक्त गर्नुपर्छ । उनीहरूकै योगदानका कारण यो संविधान निर्माण भएको हो भन्न कुनै हिच्किचाहट मान्नु हुँदैन ।

संविधानअनुसार नै अहिले देश समाजवाद उन्मुख दिशामा अग्रसर छ । देशमा सङ्घीयता, धर्म निरपेक्षता, समानुपातिक प्रणालीहरू लागू भएका छन् । सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहका सरकार निर्माण भएका छन् । रोजगार, नियुक्ति र जनप्रतिनिधि छनोटका क्षेत्रमा महिला, दलित, जनजाति, मधेसी, पछिडिएको क्षेत्र, अपाङ्गता आदिमा कोटा छुट्याइएको छ । देशको सुशासन प्रणालीलाई चुस्त बनाउन विभिन्न संवैधानिक आयोगहरू गठन भई कार्य पुनः सञ्चालन भएका छन् । भ्रष्टाचार, शान्तिसुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगार, बेथिति, ढिलासुस्ती, नातावाद कृपावादका बारेमा सङ्घीय तथा प्रादेशिक एवं स्थानीय सरकारहरू निकै सचेत र चनाखो भई अख्तियारी प्रदान गरिएका अधिकार सम्पादनमा जुटेका छन् । ऐन, कानुन सबैलाई बराबरी लाग्ने प्रथाको सुरुआत भएको छ । नियम, कानुन र संविधानभन्दा माथि कोही पनि छैन भन्ने कुरा कानुनको कार्यान्वयनबाट सबै जनताले महसुस गरिरहेका छन् । यस अर्थमा संविधान दिवस मनाउनुको तात्पर्यता रहेको छ ।

यो संविधानबाटै सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन पुगेको छ भने नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, कानुनी राज्य जस्ता लोकतन्त्रका अवयवहरूको जगमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिका लागि मार्गप्रशस्त भएको छ । संविधानले नागरिक तथा राजनीतिकमात्र होइन, आर्थिक, सामाजिक, सांस्कृतिक हकअधिकार पनि सुनिश्चित गरेको छ । संविधानले नेपालमा बसोबास गर्ने समस्त आदिवासी, जनजाति, महिला, दलित, अल्पसङ्ख्यक, मुसलमान, मधेसी, थारू, उत्पीडित, पिछडिएका वर्ग, क्षेत्रलगायत सम्पूर्ण नेपालीले आजसम्मको सङ्घर्षबाट प्राप्त गरेका हकअधिकार र अवसरको सुनिश्चिततालाई संस्थागत गरेको छ । सबैको भाषा, संस्कृति, परम्परा, धर्मको संरक्षण र संवर्द्धनको बाटो फराकिलो गरेको छ भने विभिन्न जातजाति र समुदायको विशिष्ट अवस्थालाई ध्यानमा राखी तिनको हितको प्रवर्द्धन गरेको छ । यसबाट सामाजिक न्यायको प्रत्याभूति हुनेमा आम नेपाली जनतालाई थप आशावादी बनाएको छ । यस अर्थमा पनि संविधान दिवस मनाउनुको तात्पर्यता छ ।

केन्द्रीकृत र एकात्मक शासन व्यवस्थाको स्थानमा विकेन्द्रीकृत र सङ्घात्मक शासन प्रणालीको व्यवस्था गर्नु यस संविधानको अर्को महत्वपूर्ण उपलब्धि हो । साझा शासन र स्वशासनको उचित तालमेल मिलाई सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीय शासन प्रणालीको स्थापना गर्ने परिकल्पना वर्तमान संविधानले गरेको छ । नेपालको संविधानका सबल पक्षको चर्चा गर्दा यसमा सुधार गर्नुपर्ने कुराहरू पनि उल्लेख गर्नुपर्ने हुन्छ । हामी सबैलाई थाहा छ, यो संविधान नेपालको इतिहासको विशिष्ट परिस्थितिमा जारी भएको थियो । संविधानमा मधेशी, थारु, जनजातिलगायतका समुदायका कतिपय जायज माग र आकाङ्क्षाहरूलाई अझै समावेश गर्न सकिएका छैनन् । शान्ति प्रक्रिया पूरा, बेपत्ताहरूको छानबिन एवं सत्य निरुपण तथा मेलमिलाप लगायतका आदि कार्यहरू अझै हुन सकिरहेका छैनन् ।

विश्वका कुनै पनि संविधान एकै पटक पूर्ण हुँदैनन् । समय समयमा हुने संशोधनबाट संविधान परिष्कृत र परिपक्व बन्दै जान्छ । नेपालको संविधान पनि गतिशील र जीवन्त दस्तावेज भएकाले हाम्रो मुलुकको वस्तुगत परिस्थिति र जनताको आकाङ्क्षाअनुसार यसलाई समयसापेक्ष संशोधन गर्दै जानुपर्छ । समष्टिमा भन्दा मौलिक हक, समावेशिता र पहिचान, अधिकार र स्रोतको विकेन्द्रीकरण लगायतका धेरै विषयमा नेपालको संविधान अग्रगामी रहेको छ । यस कुरालाई वस्तुपरक भएर विश्लेषण गर्ने सबैले स्वीकार गरेको अवस्था पनि हो । साथै यस संविधानले नागरिक र राज्यबीचको सम्बन्धलाई नयाँ आयामबाट परिभाषित गरी नेपाली जनतालाई शासन सत्ताको केन्द्रविन्दुमा राखेको छ ।

संविधान जारी भएपछि सङ्घीय संसद्, प्रतिनिधिसभाको पहिलो कार्यकाल पूरा भई दोस्रो कार्यकालमा प्रवेश गरेको छ । संविधानको अभ्यासकै क्रममा स्थानीय तहहरूले पनि आफ्नो एक कार्यकाल पूरा गरी दोस्रो कार्यकाल प्रारम्भ गरिसकेका छन् । त्यसैगरी प्रदेश सरकार पनि दोस्रो कार्यकालमै हिँडिरहेको छ । यस अवधिमा संविधान रक्षाका लागि अनेक पहल पनि भए । लोकतन्त्रको संस्थागत विकासका लागि थुप्रै कार्यहरू सम्पादन भए । यसबीचमा भएका कमीकमजोरी सच्याएर आगामी दिनमा हुने थप अभ्यासबाट संविधान अझ समृद्ध हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

**अन्त्यमा :**

संविधानको रक्षा र

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## रुसद्वारा दुई जना अमेरिकी कूटनीतिज्ञ निष्काशित

मस्को, २९ भदौ (रासस/एएनआई) ।

रुसी सरकारले दुई जना अमेरिकी कूटनीतिज्ञलाई निष्काशन गरेको छ । मस्कोस्थित अमेरिकी राजदूतावासमा काम गरेका एक जना रुसी नागरिकसँग सम्पर्क कायम गरेको अभियोगमा उनीहरूलाई निष्काशन गरिएको हो । अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क (सिएनएन)का अनुसार अमेरिकी दूतावासका पूर्वकर्मचारी रुसी नागरिकलाई 'सूचक' भएको आरोप लगाएर कूटनीतिज्ञद्वय जेफ्री सिलिन र डेभिड बर्नस्टेनलाई एक साताभित्र रुस छाड्न आदेश दिएको छ । संयुक्त राज्य अमेरिकाले रुसको उक्त निर्णयको निन्दा गर्दै मस्कोलाई 'रचनात्मक कूटनीतिक संलग्नतामा द्वन्द्व निम्त्याएको' टिप्पणी गरेको छ । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याट मिलरलले रुसी निर्णयका निम्ति मस्कोलाई उचित जवाफ दिने बताएका छन् ।

वासिङ्टनमा बिहीबार भएको पत्रकार सम्मेलनमा प्रवक्ता मिलरले अमेरिकी कूटनीतिक कर्मचारीलाई अकारण निष्काशनको आदेश दिइएको तथा दूतावासका कर्मचारीहरूलाईमात्र नभई आफ्नै नागरिकहरूलाई पनि मस्कोले धम्क्याइरहेको बताएका छन् । रुसी सञ्चारमाध्यममा सार्वजनिक भएको समाचार सामग्रीको 'मिडिया क्लिप' उपलब्ध गराउने रोबर्ट शोनोभलाई पक्राउ गरिएको जानकारी उनले दिएका छन् । रुसले देश छाडेर जान आदेश दिएका अमेरिकी कूटनीतिज्ञले रुस नछाडेको पनि उनले बताए ।

वासिङ्टन र मस्कोबीचको सम्बन्ध तनावपूर्ण बनेका बेला रुसले अमेरिकी कूटनीतिलाई देश छाड्न भनेको हो । निष्काशन गरिएका कूटनीतिज्ञहरूले रुसको आन्तरिक मामिलामा हस्तक्षेप हुने गरी गैरकानुनी एवं गैरकूटनीतिक गतिविधि सञ्चालन गरेका रुसी विदेश मन्त्रालयले एक विज्ञप्ति निकालेर बताएको छ । रुसको राष्ट्रिय सुरक्षामा खलल पुग्ने गतिविधिमा जेफ्री सिलिन र डेभिड बर्नस्टेन लागेका तथा उनीहरूले रोबर्टसँग 'गोप्य सहयोग' मागेर त्यसको बदलामा निजलाई आर्थिक सहयोगको प्रस्ताव गरेका जनाएको छ । रुसी सुरक्षा अधिकारीले पक्राउ गरेका राबर्टले भ्लादिभोस्तकस्थित अमेरिकी कूटनीतिक नियोगमा २५ वर्ष काम गरेका थिए । निजसँग अमेरिकी अधिकारीहरूले रुसका गोप्य सूचना उपलब्ध गराउन अनुरोध गरेका मस्कोको आरोप छ ।

## लिफ्ट चुडिँदा चारको मृत्यु, पाँच जना गम्भीर घाइते

नोएडा (उत्तर प्रदेश), २९ भदौ (रासस/एएनआई) ।

ग्रेटर नोएडास्थित एउटा निर्माणाधीन आवासीय भवनको चुडिँदा चार जनाको मृत्यु भएको छ भने पाँच जना गम्भीर घाइते भएका छन् । ग्रेटर नोएडाका जिल्ला प्रमुख मनिष वर्माका अनुसार चार जनाको मृत्यु भएको छ भने गम्भीर घाइते भएका पाँच जनालाई नजिकको अस्पतालमा भर्ना गरिएको छ । दुर्घटनास्थल र अस्पतालमा प्रहरी परिचालन गरेर कानुनी कारबाही एवं उचित उपचार सुनिश्चित गरिएको छ । दुर्घटनाको विस्तृत विवरण प्राप्त हुन बाँकी छ ।

भवनभित्र लिफ्ट जडान भइरहेकाबेला त्यो एक्कासी चुडिँदा उक्त दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको सुरक्षा अधिकारीहरूले बताएका छन् । यसअघि महाराष्ट्रको थानेमा भारी यन्त्रलगायत निर्माण सामग्री उठाउन प्रयोग हुने क्रेन भाच्चिँदा १७ जना मजदुरको मृत्यु भएको थियो । निर्माणस्थलमा सुरक्षाका उपाय नअपनाउँदा तथा कामदार एवं ठेकेदारले लापर्वाही गर्दा देशमा दैनिकजसो यस्ता दुर्घटना हुने गरेका छन् । बितेका आठ महिनामा मुम्बई महानगरमा मात्र यस्तै प्रकृतिका २४ वटा दुर्घटनामा ५१ जनाले ज्यान गुमाएका थिए । अघिल्लो वर्ष सोही अवधिमा भएका १४ वटा दुर्घटनामा १९ जनाको ज्यान गएको थियो ।

## वेतन वृद्धिको माग गर्दै तेह्र हजार मजदूर हडतालमा

डेट्रोइट (संयुक्त राज्य अमेरिका), २९ भदौ (रासस/एपी) ।

वेतन वृद्धिको माग गर्दै करिब १३ हजार कामदार सवारी साधन बनाउन छाडेर हडतालमा उत्रिएका छन् । आफ्नातर्फबाट वार्तामा बसेका प्रतिनिधिले व्यवस्थापन पक्षसँगको वार्तामा माग पूरा गराउन नसकेपछि उनीहरू हडतालमा उत्रिएका हुन् । युनाइटेड अटो वर्कर्स युनियनका सदस्यहरूले मिसौरीको वेन्ट्जभिलमा रहेको जनरल मोटर्सको एसेम्बली प्लान्ट, डेट्रोइट नजिकैको मिशिगनको वेनमा रहेको फोर्ड कारखाना र ओहायोको टोलेडोमा रहेको स्टेलान्टिस जीप कारखानामा काम ठप्प पारेका छन् । मजदूरहरूको सेवा सुविधासम्बन्धी चारवर्षे सम्झौता गत मध्यरातपछि समाप्त भएको हो ।

कर्मचारी युनियनको ८८ वर्षको इतिहासमा यति धेरै मजदुरले काम छाडेर हडताल गरेको यो पहिलो पटक हो । हडताल लम्बिएमा सवारी साधनको अभाव हुने र मूल्य बढ्न सक्ने चेतावनी व्यापारीहरूले दिएका छन् । तीनवटै कम्पनीमा मजदुर एकैसाथ आन्दोलनमा उत्रिदा अटो उद्योगमा समस्या हुने उनीहरूले बताएका छन् । राष्ट्रपति जो बिडेनलाई अमेरिकी इतिहासमा सबैभन्दा युनियन-मैत्री भनिए पनि मजदूरका माग सम्बोधन नभएकाले आगामी वर्ष हुने राष्ट्रपतीय निर्वाचनमा त्यसले प्रभाव पार्ने ठानिएको छ । विश्वभरका कामदारले अटो मजदूरहरूको यो आन्दोलनलाई नजिकबाट नियालीरहेका छन् ।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपवत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# वैदेशिक रोजगारीका नाममा ठगी बढ्दो

काठमाडौ २९ भदौ (रासस) ।

केही दिनअघि इन्स्टाग्राममा आकर्षक तलब सुविधामा वैदेशिक रोजगारीका लागि क्यानडा जान कामदार भिसा पाइने भनी नक्कली विज्ञापनमा फसेर एक पीडितले रु ३४ लाख गुमाए । गिरोहले त्यहाँ जानका लागि प्रक्रिया थाल्न 'आइएलटिएस सर्टिफिकेट' र बायोडाटा, राहदानी, शैक्षिक योग्यताका प्रमाणपत्र पठाइदिनु भनी पटक-पटक ह्वाट्सएपबाट माग गरे । पीडितले कागजात पठाए ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उरीक्षक रवीन्द्र रेग्मीले भन्नुभयो, "उक्त कागजात पेस गर्न रकम तिर्नुपर्छ भनी पीडितबाट नेपालमा रहेका विभिन्न व्यक्तिहरूका नाममा रहेको बैंक खातामा पैसा मागेको पनि भेटियो ।" उहाँका अनुसार त्यस घटनामा कास्कीका लक्ष्मण नेपाली र सप्तरीका महावीरप्रसाद साह संलग्न भएको पाइयो । उनीहरू अहिले कानुनी कारबाहीको दायरामा छन् । दुई दिनअघि मात्रै क्यानडा जाने लोभमा पर्दा भूमिराज राईले रु ११ लाख गुमाउनुभयो । आफू ठगिएको थाहा पाएपछि परेको उजुरीका आधारमा क्यानडा पठाइदिन्छु भनी झन्डै रु ११ लाख ठगी गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी उपरीक्षक रेग्मीका अनुसार सेक्युरिटी गार्डमा काम लगाइदिने र त्यसबापत मासिक रु दुई लाख तलब हुने लोभ देखाएर ठगी गरिएको थियो । यस्तै घटना पीडित आशामाया लामालाई वैदेशिक रोजगारीका लागि अष्ट्रेलिया पठाइदिन्छु भनी ठगी गरेकी काठमाडौँको सामाखुसी बस्ने ५० वर्षीय केशरी श्रेष्ठ पक्राउ परेकी छन् । यी घटनाहरू पछिल्ला एक साताका हुन् । यस्ता घटना दिन प्रतिदिन बढिरहेको प्रहरीको अभिलेखले देखाएको छ । सर्बिया, मलेसिया, क्यानडा, टर्की, अमेरिका, बेलायतलगायत देशमा पठाइदिने भनी यसरी रकम ठगी गर्ने गिरो सक्रिय भइरहेका छन् । वैदेशिक रोजगारीका नाममा सर्वसाधारण नागरिक ठगी हुने क्रम बढेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार मानिसहरू छिटो पैसा कमाउने लोभमा फस्दा लाखौँ रकम डुब्ने गरेको पाइएको हो ।

प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक कुवेर कडायत पछिल्ला समयमा वैदेशिक रोजगारीका नाममा दैनिक जसो नै मानिसहरू ठगिएका घटनाहरू देखिएको बताउनुहुन्छ । उहाँले यो क्रम विगतका वर्षहरूभन्दा बढ्दो क्रममा रहेको देखिएको बताउनुभयो । अनलाइन तथा वैदेशिक रोजगारीका नाममा हुने ठगी अत्यधिक रूपमा बढिरहहँदा त्यतिकै सुरक्षा चुनौती पनि थपिएको प्रहरीको निष्कर्ष छ । यसतर्फ प्रथमतः नागरिक आफैँ सचेत हुनुपर्नेमा जोड दिइएको छ ।

# सर्लाहीमा भाइरल ज्वरो र डेंगु संक्रमित बढे

सर्लाही, २९ भदौ (रासस) ।

सर्लाहीमा केही दिनदेखि भाइरल ज्वरोको सङ्क्रमण बढेको छ । जिल्लाका प्रत्येकजसो निजी तथा सरकारी स्वास्थ्य संस्थामा भाइरल ज्वरो उपचारका लागि बिरामी बढ्न थालेका छन् ।

निरन्तर एक साता परेर पानीले मौसम परिवर्तन भएपछि जिल्लाभर भाइरल ज्वरोको सङ्क्रमण तीव्ररूपमा फैलिएको प्रादेशिक अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा नवलकिशोर झाले जानकारी दिनुभयो ।

हिजोआज उपचारका लागि आउने बिरामीमध्ये अधिकांशमा भाइरल फिभर (सरुवा ज्वरो)को सङ्क्रमण देखिएको लालबन्दी मोडल अस्पतालका प्रमुख डा आलोककुमार कुशवाहको भनाइ छ । उहाँका अनुसार त्यस्ता बिरामीमा घाँटी दुख्ने, कमजोरी महसुस हुने, उच्च ज्वरो आउनेजस्ता लक्षण देखिने गरेको छ ।

लालबन्दी, नवलपुर, हरिवन, बागमतीलगायत स्थानका निजी तथा सरकारी स्वास्थ्य संस्थामा दैनिक १० देखि १५ जनासम्म भाइरल ज्वरो सङ्क्रमण भएका बिरामी उपचारका लागि पुग्ने गरेका लालबन्दी नगरपालिका स्वास्थ्य शाखाका प्रमुख मुमताज मिक्रानीले जानकारी दिनुभयो । उहाँका अनुसार अन्य ठाउँको तुलनामा लालबन्दी, नवलपुर र हरिवनका निजी स्वास्थ्य संस्थाका साथै सरकारी स्वास्थ्य संस्थामा भाइरल ज्वरोका बिरामीको चाप बढी देखिएको छ ।

जिल्लाभर डेङ्गु सङ्क्रमित पनि बढिरहेका छन् भने भाइरल फिभरको विवरण आउन बाँकी रहेको प्रादेशिक अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा झाले बताउनुभयो । उहाँका अनुसार जिल्लाभर डेङ्गुका ६१ जना सङ्क्रमित रहेका छन् ।

डेङ्गु तथा भाइरल ज्वरोबाट बच्न घर वरपर लामखुट्टे बस्न नपाउने गरी सरसफाइ गर्न, सङ्क्रमित भएका व्यक्ति अन्य व्यक्तिसँग सम्पर्कमा नराखी टाढै बसेर आराम गर्न, पोषिलो खानेकुरा प्रशस्त खान, चर्को घाम लागेको बेला सकेसम्म घरभित्रै बस्न र स्वास्थ्य सावधानीका अन्य उपाय अपनाउन चिकित्सकले आग्रह गरेका छन् ।

# भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीसँग निवेदन माग

काठमाडौँ, २९ भदौ (रासस) ।

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जमिन (जग्गा) उपलब्ध गराउने तयारी अनुसार निवेदन माग गरेको छ । आयोगले यसका लागि ३५ दिनभित्र निवेदन दिन आग्रह गरेको आयोगका उपाध्यक्ष एवं प्रवक्ता नहेन्द्र खड्काले जानकारी दिनुभयो ।

आयोगले विभिन्न प्रदेशका विभिन्न जिल्ला र स्थानीय तह तोकेरै ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत सङ्कलनमार्फत पेश गर्न सूचना प्रकाशित गरेको हो । आयोगले कोशी प्रदेशका सोलुखुम्बु, मोरङ, झापा, इलाम, सुनसरी, सङ्खुवासभा र उदयपुर तथा मधेश प्रदेशका सप्तरी, सिरहा, सर्लाही, महोत्तरी, रौतहट, पर्सा र बाराका विभिन्न स्थानीय तह तोकेरै निवेदन माग गरेको हो । साथै बागमती प्रदेशका दोलखा, नुवाकोट, रामेछाप, धादिङ, सिन्धुली, रसुवा, काभ्रे, काठमाडौं र भक्तपुरबाट आवेदन माग गरिएको छ ।

गण्डकी प्रदेशका बागलुङ, तनहुँ र नवलपरासी पूर्व, लुम्बिनी प्रदेशका रुपन्देही, बाँके र बर्दिया, कर्णाली प्रदेशका दैलेख र डोल्पा तथा सुदूरपश्चिम प्रदेशका बझाङ, डोटी, कैलाली, अछाम, दार्चुला, डडेलधुरा कैलाली, बैतडी र डोटीका विभिन्न स्थानीय तहमा पनि निवेदन माग गरिएको छ ।

# सामाजिक सञ्जालको प्रयोग शिष्ट र मर्यादित भएर गर्न आग्रह

काठमाडौँ, २९ भदौ (रासस) ।

राष्ट्रिय मानव अधिकार आयोगले सामाजिक सञ्जालको प्रयोग गर्दा शिष्ट र मर्यादित भएर गर्न आग्रह गरेको छ ।

आयोगले विगत केही दिनयता देशका विभिन्न भागमा घटेका आपराधिक घटना, कतिपय जिम्मेवार पदाधिकारीबाट नै व्यक्त धारणा र आरोप प्रत्यारोपप्रति गम्भीर ध्यानाकर्षण गराउँदै उक्त आग्रह गरेको हो ।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि काठमाडौँमा साङ्घातिक आक्रमण भएको, जसपाका जिल्ला अध्यक्ष राजकुमार यादवमाथि प्रहरीबाट मोरङमा दुर्व्यवहार भएको, चिकित्सकमाथि कुटपिट भएको भन्दै हेटौँडा अस्पतालका ७८ जना चिकित्सकले राजीनामा दिएकोजस्ता घटनाका सम्बन्धमा जानकारी गराएको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले शुक्रबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा यस्ता घटनामा संलग्न आरोपितलाई कानुनबमोजिम कारबाही गर्न तथा शान्ति सुरक्षाको प्रत्याभूति गर्न सरकारको ध्यानाकर्षण गराइएको छ ।

विज्ञप्तिमा भनिएको छ, "कसैले पनि नेपालको संविधान, कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनविपरीत हिंसात्मक गतिविधि नगर्न, घृणाजन्य अभिव्यक्ति नदिन तथा सामाजिक सञ्जालको प्रयोग गर्दा शिष्ट र मर्यादित भएर एकअर्काप्रति मानव अधिकारमैत्री भाषा र व्यवहार प्रयोग गर्न आयोगसम्बद्ध सबैलाई विशेष आग्रह गर्दछ ।"

आयोगले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा पर्नसक्ने असरप्रति जिम्मेवार व्यक्तिले सधैँ ध्यान पुऱ्याउन आग्रह गरेको छ ।

### *नेपालको संविधान र ...*

कार्यान्वयनमा क्रियाशील शक्तिहरूले उच्चतम समझदारी बनाएर अघि बढ्नुपर्ने आवश्यकता अझै विद्यमान छ । संविधानमा लिपिबद्ध हक अधिकार कार्यान्वयनका लागि पहलकदमी लिइरहन सम्पूर्ण नेपाली नागरिक सचेत भइरहनुपर्छ । यस दिवसले अझै पनि राजनैतिक एवं सामाजिक विवाद र असमहतिहलाई सम्वादमा रुपान्तरण गर्न, राष्ट्रिय एकता कायम गर्न र संविधानको निष्ठापूर्वक पालना गर्न सबैलाई प्रेरणा मिल्ने अपेक्षा लिन सकिन्छ ।

*(लेखक पत्रकारिता एवं प्राध्यापनमा संलग्न हुनुहुन्छ ।)*

### *विद्यार्थीलाई शैक्षिक ...*

सरकारले माध्यमिक तहसम्म निशुल्क पठनपाठनको व्यवस्था सरकारले गरेकोले ती सम्पूर्ण सेवा सुविधा विद्यालयले उपलब्ध गराउनु पर्नेमा जोड दिए ।

उनले बालबालिका भविष्यको कर्णधार रहेकाले उनीहरुको पढाईमा कुनै किसिमको बाधा उत्पन्न हुन नदिन विद्यालय प्रशासन तथा शिक्षकहरुलाई आग्रह समेत गरे ।

कार्यक्रममा राजबिराज नगरपालिका वडा नं. ७ का सदस्य रामानन्द देव, प्रधानाध्यापक बिभा झा, शिक्षिका रन्जना दास, चन्द्रकला रश्मि तथा अभिभावकहरुको उपस्थिति रहेको थियो ।

# राजविराज सहकारीको साधारण सभा सम्पन्न



**दैनिक समाचारदाता राजविराज, २९ भदौ ।**

राजविराज सहकारी संस्था लि. को शुक्रबार चौथो साधारणसभा राजविराजमा सम्पन्न भएको छ ।

उक्त सभामा संस्थाका कोषाध्यक्ष जयप्रकाश मण्डलले आ.ब. २०७९/८० मा २४ लाखको आयव्यय प्रस्तुत गर्दै २ सय १६ जना शेयर सदस्य तथा १९ लाख लगानी भएको जानकारी दिए ।

संस्थाका अध्यक्ष इन्द्र देवको अध्यक्षतामा तथा नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादवको प्रमुख आतिथ्यमा आयोजित साधारण सभामा शम्भुलाल देव, पप्पु मिश्रा, विशे साह लगायतले शुभकामना मन्तव्य दिएका थिए ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np